# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

# BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal

मितिः-२०८०/५/२४

विषयः- कर दाखिला सम्बन्धमा अत्यन्त जरुरी सुचना।

श्री महानगरबासी सम्पुर्ण कर दाताहरु, सम्पूर्ण ब्यवसायीहरु, घर बहालमा रहेका घरधनी ब्यक्ति तथा संस्थाहरु

भरतपुर महानगरपालिका सम्पूर्ण करदाताहरुले भरतपुर महानगरपालिकाको आर्थिक ऐन २०८० बमोजिम महानगरपालिकालाई बुझाउनु पर्ने करहरु समयमा दाखिला गर्नका लागि यस कार्यालयबाट पटक पटक सार्वजनिक सूचना जारी हुदै आएकोमा, स्थानिय तहमा ब्यबसाय दर्ता गरेर मात्र व्यवसाय संचालन गर्नुपर्ने अनिवार्य र पहिलो कानूनी दायित्वको पालना नगरी व्यवसाय संचालन गरेको पाईएको, स्थानीय तहमा एक पटक व्यवसाय दर्ता गरी बर्षौ सम्म नविकरण नगरेको, घर बहालमा लगाउने घर धनी ब्यक्ति वा संस्थाले महानगरपालिकामा दाखिला गर्नुपर्ने घरबहाल कर दाखिला गर्ने नगरेको, अधिकांश सम्पति कर समयमा दाखिला हुन नआएको हुँदा पुनः यो सुचना प्रकाशन गरिएको छ। कानुन बमोजिम करको दायित्व रहेका ब्यक्ति वा संस्थाले ३० दिन भित्र (छुट सुविधा सहित) महानगरपालिका लाई बुझाउनु पर्ने बक्यौता करहरु दाखिला गर्नु गराउनु हुन अनुरोध छ। समयमा सम्पुर्ण बक्यौता कर रकमहरु, दाखिला हुन नआएमा स्थानीय सरकार ऐन २०७४, भरतपुर महानगरपालिकाको आर्थिक ऐन २०८० तथा भरतपुर महानगरपालिकाको स्विकृत कर सम्बन्धि कार्यबिधिहरु बमोजिमका तपशिलका प्रकृया अघि बढ्ने ब्यहोरा यसै सूचना मार्फत जानकारी गराइएको छ।

१) सम्पत्ति कर दाखिला नभएका ब्यक्ति वा संस्था,घर बहाल कर दाखिला गर्नु पर्ने दायित्व भएका ब्यक्ति वा संस्था,ब्याबसाय दर्ता नभएका वा बर्षौ देखि नबिकरण नभएका ब्यबसायीहरुलाई भरतपुर महानगरापलिका द्वारा प्रदान गरीने सवै प्रकारका सेवाहरु (जुनसुकै प्रयोजनका लागि सम्पत्ति मुल्यांकन, मालपोत, बैंक प्रयोजन, बिद्युत लगायत कुनै पनि सेवा) रोक्काको लागी सवै वडा कार्यालयलाइ निर्देशन दिने र सम्बन्धित सेवाहरु उपलब्ध गराउने जिल्ला स्थित कार्यालयहरुलाई लेखि पठाउने।

२) व्यवसाय कर सम्बन्धि कार्यविधि २०८० बमोजिम व्यवसाय दर्ता नभएका, नविकरण नभएका, बक्यौता बाँकि रहेका व्यवसायहरुलाई यसै सार्वजनिक सूचना मार्फत जानकारी गराउने, सूचनाको बर्खिलाप भएको पाईएमा कार्यालयबाट खटिने(कर अधिकृत र नगर प्रहरी सहितको) राजश्व गस्ति टोलिले कानुन बमोजिमको प्रकृया पुरा गरी त्यस्तो व्यवसाय बन्द गर्ने, जफत गर्ने कार्य गर्दा स्थलगत रुपमा लाहाछाप लगाई सो को मुचुल्का सहित कार्यालयमा पेश गर्न निर्देशन दिने।

३) भरतपुर महानगरपालिका भित्र घर बहालमा लगाएका घर धनी वा संस्थाहरुको घर बहाल लगाएको विवरण सम्बन्धित टोल विकास संस्थाहरु मार्फत प्राप्त गरि बहालमा लगाइएको रकम बराबर कायम हुन आउने घर बहाल करलाई ऐनमा उल्लेखित अधिकतम दरको जरिवाना सहित मालपोत कर प्रणालिमा रहेको यस कार्यालयको अभिलेखमा प्रविष्टि गर्ने ।

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय